# गौर नगरपालिका

## स्थानीय राजपत्र

गौर नगरपालिका द्वारा प्रकाशित

खण्ड: ८ संख्या: ६ मिति: २०८१/०८/२८

भाग: २

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गौर नगरपालिकाको नगर कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८१ सालको कार्यविधि नं. ६

# कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धि आचार संहिता, २०८१

/

# गौर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## गौर, रौतहट।

"कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धि आचार सहिता,२०८१"

सुरक्षित कार्यस्थलः सुरक्षित कार्यस्थल भन्नाले गौर नगर कार्यपालिका अन्तरगत रहेका सवै सार्वजनिक निकाय,सेवा केन्द्र र कार्यालयहरु समेतलाई जनाउँदछ। उक्त कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुन दिनका लागि वा भएको पाइएमा नियमानुसार समस्या सम्वोधन गर्नका लागि आवश्यक उपाय अवलम्वन गरी यस क्षेत्रलाई यौनजन्य दुर्व्यवहारबाट सुरक्षित बनाईन्छ ।

यसका लागि निम्न क्रियाकलापहरु निषेध गरिएको छ ।

१. कसैले आफ्नो पद शक्ति वा अधिकारको दुरुपयोग गरी कुनै किसिमको प्रभाव, दवाव प्रलोभनमा गरी वा हत्तोत्साहित गरी कुनै जनप्रतिनिधि, कर्मचारी वा सेवाग्राहीलाई तपसिल अनुसारको दुर्व्यवहार गर्न पाईने छैन ।

- यौनजन्य आशयले शरीरको कुनै अंग स्पर्श गर्न पाईने छैन ।
- अश्लिल तथा यौनजन्य क्रियाकलाप सम्बन्धि तोकिएको बाहेक (शैक्षिक सूचनात्मक उपचार वा बचाउको सिलसिलामा वाहेक) शब्द, चित्र, पत्रपत्रिका,श्रव्य दृश्य, अन्य वस्तु तथा साधन प्रयोग वा प्रदर्शन गर्न पाईने छैन ।
- लेखेर, बोलेर वा संकेतले यौनजन्य वा अश्लिल आशय प्रकट गर्न पाईने छैन ।
- यौनजन्य क्रियाकलाप उत्प्रेरित वा प्रस्ताव गर्न पाईने छैन ।
- यौनजन्य मनसायले कसैलाई जिस्काउन वा हैरान गर्न पाउने छैन ।
- जेष्ठ नागरिक तथा बालवालिकाहरुलाई असम्मानजनक शब्द प्रयोग गर्न पाईनेछैन ।

Scanned with CamScanner CamScanner

२. व्यवस्थापक/कार्यालय प्रमुखको दायित्व -

निजले कार्यस्थलमा यौनजन्य दुर्व्यवहार रोक्नका लागि तपसिल बमोजिमका कार्यहरुमा नियन्त्रण तथा निगरानी गर्नु पर्नेछ :

- कर्मचारीको सेवा सर्त सम्बन्धि कानून बनाई लागू गराउने छ ।
- यौनजन्य दुर्व्यवहार हुन नदिनका लागि सबैलाई सजग गराउने छ ।
- यौनजन्य दुर्व्यवहार दोहरिन नदिन आवश्यक सुधारत्मक उपायहरु तत्कालै अपनाइनेछ ।
- पीडितलाई आवश्यकता अनुसार मनोपरामर्श र अन्य आवश्यक सेवा उपलब्ध गराइनेछ ।
- कार्यस्थलमा सि.सि.टि.भि., गुनासो पेटिका, टोल फ्रि नं., गुनासो सुन्ने/ उजुरी सुन्ने अधिकारीको व्यवस्था गर्नेछ ।

३. रिपोर्ट उजुरीः-

- कुनै व्यक्ति तोकिएको कार्यस्थलमा यौनजन्य दुव्यवहारबाट पीडित भई उजुरी गर्न चाहेमा पीडितले घटना घटेको मितिले ९० दिन भित्र प्रमाण सहित उजुरी सुन्ने अधिकारी समक्ष उजुरी गर्न पाउने छ।
- व्यवस्थापकले गुनासोलाई नियमानुसार सम्बोधन नगरेमा वा उजुरीकर्ताको चित्त नबुझाएमा ७० दिन भित्र पीडितले उजुरी गर्न पाउने छ।
- उजुरीकर्ताको नियमानुसार संरक्षण गरिनेछ । उजुरीकर्ताको सन्दर्भमा निरीक्षण तथा अनुगमन गरी देहायका कुराहरु खोलाई सम्बन्धित निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४. गोपनियताः-

यौनजन्य दुर्व्यवहार सम्बन्धि घटनाको छानविन र टुङ्गो लगाउँदा कार्यालयमा उपलब्ध भएको कागजात, प्रमाण, श्रव्य-दृश्य सामाग्री, पीडितको विवरण समेत नियमानुसार गोप्य राखिनेछ ।

Scanned with CamScanner

५. प्रतिकार्यः-

- पीडित र आरोपित दुवै पक्षले चाहेमा संयुक्त निवेदनका आधारमा मिलापत्रका लागि कुनै दस्तुर नलिई आवश्यक परामर्श गरी मिलापत्र गर्न सक्ने छ ।
- आरोपित व्यक्तिलाई पीडित व्यक्तिसँग माफी मगाई पूनः त्यस्ता कार्य नगर्न सचेत गराउने।
- आरोपित व्यक्तिबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिन सकिनेछ ।
- आरोपित व्यक्तिलाई सेवा सर्त सम्बन्धि कानून बमोजिम विभागीय कार्यवाही प्रक्रिया अगाडी बढाउने छ ।
- प्रचलित कानून बमोजिम मुद्दा चलाउन योग्य प्रतिवेदन प्राप्त भएमा सम्बन्धित निकायमा अविलम्ब पठाईने छ ।

Scanned with CamScanner
CamScanner